नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा )**

सिंहदरबार ,
काठमाण्डौ, नेपाल।

पत्रसंख्याः०७७/७८ (सा.स.सा.सु) च.नं. ४०

मितिः २०७७/०७/२६

विषयः विवरण उपलव्ध गराईदिने सम्वन्धमा ।

श्री स्थानीय तहहरु (सवै)

प्रस्तुत विषयमा सम्मानित राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७७।०६।१५, च.नं.१४२ को पत्र संलग्न छ ।पत्रबाट व्यहोरा अवगत गरी "घरेलु हिंसा (कसुर र सजाय )ऐन, २०६६" कार्यान्वयनका लागि आयोगलाई आवश्यक परेका आयोगको पत्रमा उल्लेखित विषयका सूचना तथा तथ्याङ्कहरु १०(दश) दिन भित्र सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखाको इमेल gesi.section@mofaga.gov.np मा आईपुग्ने गरी पठाउने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ।

२०७७।०७।२६
लेखनाथ भट्टराई
शाखा अधिकृत

**बोधार्थः**
श्री राष्ट्रिय मानव अधिकार आयोग,
पूल्चोक, ललितपुर।
श्री सूचना तथा प्रविधि शाखा, सं.मा.तथा सा.प्र. मन्त्रालयः संलग्न पत्र तथा राष्ट्रिय मानव अधिकार आयोगको पत्र प्रणालीबाट सवै स्थानीय तहहरुलाई इमेल गरिदिन हुन अनुरोध।

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

च.नः ९४२

मितिः २०७७/६/१५

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २६३६
मिति:- २०७७/६/१६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।

सूचना तथा प्रविधि शाखा
दर्ता नं. ९८०
मिति ०७७/६/२६

विषयः <u>जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।</u>

महोदय,

उपर्युक्त सम्बन्धमा नेपालको संविधानको धारा २४९(१) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४(१) को खण्ड (ग) ले प्रदान गरेको कार्यादेश बमोजिम यस आयोगबाट **घरेलु हिंसा** (कसुर र **सजाय) ऐन, २०६६** को कार्यान्वयन अवस्थाको बारेमा अनुगमन भईरहेको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

सो सम्बन्धमा देशभरीका स्थानीय तहहरुबाट यस आयोगलाई आ.व. २०७४/०७५ देखि २०७६/०७७ सम्मको निम्न बमोजिमको सूचना आवश्यक भएको हुँदा सो सम्बन्धी एकीकृत सूचना यो पत्र प्राप्त भएको १५(पन्ध्र) दिनभित्र उपलब्ध गराउन सहयोग गरिदिन हुन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २१ बमोजिम अनुरोध गरिन्छ ।

(१) घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ४ बमोजिम तहाँ पालिकामा दर्ता हुन आएका उजूरीहरुको संख्या ।

(२) ऐ ऐनको दफा ९(३) बमोजिम तँहा कार्यालयबाट तत्काल उपचारको रकम प्राप्त गर्ने पीडितहरुको संख्या,

(३) दफा ११(१) को (१ख) बमोजिम स्थानीय तहलाई हस्तान्तरण गरिएको सेवा केन्द्रको व्यवस्थापन सम्वन्धी विवरण ।

(४) मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले ऐ ऐनको दफा ९(२) बमोजिम हालसम्म सेवा केन्द्रबाट उपचार खर्च प्राप्त गर्ने पीडितहरुको संख्या सहितको विवरण ।

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

(५) घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७ को नियम १८(१) बमोजिमको अद्यावधिक विवरण ।

(६) **ऐ नियमावलीको नियम** १० बमोजिमको मापदण्ड पालना गर्ने प्रयोजनार्थ चालिएका कदमहरु ( न्यूनतम आधारभूत सुविधा, न्यूनतम स्वास्थ्य सेवा, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र कानूनी सहायता)

(७) सञ्चालनको सम्बन्धमा, र मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले ऐ ऐनको दफा ९( २) बमोजिम हालसम्म सेवा केन्द्रबाट उपचार खर्च प्राप्त गर्ने पीडितहरुको संख्या सहितको विस्तृत विवरण ।

(८) साथै दफा १२क बमोजिम स्थानीय तहले तोकेको संरक्षण अधिकृतबाट घरेलु हिंसा नियन्त्रण तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्ने सम्बन्धमा चालिएका कदम र सो कार्यबाट ऐ आ.व मा लाभान्वित भएका पीडितको संख्या सहितको विवरण ।

पूर्णिमा राणा
मानव अधिकार अधिकृत